आज मिति २०७८ साल कात्तिक ०७ गते विहान :०० बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । वैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री तारावहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री वेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुवहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमवहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री टेकवहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, रासी गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका

## आमन्त्रित

श्री महेश अधिकारी, कृषि विकास अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत
श्री विश्वास वि क, शाखा अधिकृत
श्री सुवास भट्टराई, कम्प्युटर अपरेटर
श्री रेशम राज अधिकारी

**मिति २०७८ साल कात्तिक ७ गते आइतबार राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १** राप्ती गाउँपालिका वडा नं. ४ श्रीनारायण चोक देखि सेमुरे, देविकोट, सल्लेरी हुँदै बगलाचुलीको पाँचपोखरी भएर स्वर्गद्वारी मन्दिर जाने सडकलाई पर्यटकीय मार्गको रुपमा नामाकरण गरी सम्बन्धित निकायमा सिफारिस गरि पठाउने ।

**निर्णय नं. २.** राप्ती गाउँपालिका वडा नं. ४,५,६ र ८ भई बग्ने दोलाई खोलामा वर्षेनी बाढीले माटो थुपारी तटबन्धभन्दा बाहिर समेत पानीको बहाव पुगी क्षति हुने गरेको छ । त्यस्ता क्षेत्रको पहिचान गरी जिल्ला विपद व्यवस्थापन समितिमा आवश्यक निर्णयका लागि सिफारिस गरी नदिजन्य पदार्थको व्यवस्थापन गरी संभावित विपद न्यूनिकरण गर्ने ।

**निर्णय नं. ३.** राप्ती गाउँपालिकाको वार्षिक बजेट २०७८।०७९ मा उल्लेख भएको उच्च शिक्षा सम्बन्धि छात्रवृत्ति वितरणका लागि कार्यविधि बनाई पेश गर्न अवगत गराउने निर्णय गरियो ।

**निर्णय नं. ४.** मिति २०७८।०७।२५ गते देखि अनिवार्य अवकाश लिन चाहनु भएका कृषि विकास अधिकृत (आठौं) श्री महेश अधिकारी र राप्ती गाउँपालिकामा म.वि.नी.पदमा कार्यरत जिवन कुमारी जिसी (पाँचौं) को ग्रेड भुक्तानी बापत म.ले.प. प्रतिवेदन २०७८ मा उल्लेख भएको बेरुजु रकमलाई सो सम्बन्धी प्रमाणको आधारमा महालेखा परीक्षकको कार्यालयमा सम्परिक्षणका लागि सिफारिस गर्ने ।

**निर्णय नं. ५.** राप्ती गा.पा. वडा नं. १ मा रहेको बगालोली स्थित खानेपानी टुटाइको नजिकै निरन्तरको वर्षातको कारणले पहिरो गई सो टुटाइको भत्कने जोखिम बढेकोले संरक्षणका लागि विपद व्यवस्थापन शिर्षकबाट रु ५०००।- विनियोजन गरी यथाशिघ्र कार्य गर्ने ।

**निर्णय नं. ६.** राप्ती गा.पा वडा नं. ९ देविकोट स्थित देविकोट स्वास्थ्य चौकी केन्द्रमा हावाहुरीको कारण घरमा क्षति पुगेको र सो घर मर्मत सम्भारका लागि लागत इस्टिमेटका आधारमा स्वास्थ्य शाखाबाट माग शिर्षकबाट वा विपद व्यवस्थापन वा मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी मर्मत कार्य गर्ने/गराउने ।

**निर्णय नं. ७** यस राप्ती गाउँपालिका र सम्बन्धित सामुदायिक विकास केन्द्रसंगको साझेदारीमा तपशिल बमोजिमका योजनाहरु साझेदारीमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**क.** बाहुन्नपाटा सोलार लिफ्टिङ खानेपानीको सम्बन्धमा लुम्बिनी प्रदेश सरकारबाट विनियोजित भएको रकम एकिन गर्न आवश्यक निर्णय गर्ने

**ख.** वडा नं. ९ मा रहेका झारखोला खानेपानी योजनाको लागि राप्ती गाउँपालिका द्वारा रु १० लाख साझेदारी गर्ने ।

**ग.** वडा नं. १ मा रहेको खर्क बगालोली सोलार लिफ्टिङ खानेपानी योजना निर्माणको लागि राप्ती गाउँपालिकाद्वारा रु ७ लाख साझेदारी गर्ने ।

**निर्णय नं. ८.** ईलाका प्रहरी कार्यालय भालुबाङमा प्रहरीका लागि निर्माण भएको विश्राम कक्ष (गोल घर) को लागि प्रहरी साझेदारी शिर्षकबाट रु. १०००००।- सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** राप्ती गाउँपालिकाको वडा नं. ५ वडा कार्यालय भवनको पूर्वतर्फ पुनीखोला क्षेत्रमा प्रदेश सरकारको राजधानी स्थापना गर्न आवश्यक नक्सा निर्माणका लागि मालपोत तथा नापी कार्यालय समेतको समन्वयमा नाप नक्सा सम्बन्धि प्रतिवेदनको आधारमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १०.** गाउँपालिकाको हाल सम्मको प्रगति, पुर्वाधार विकास तथा अन्य विविध विषय समेटिएको डकुमेन्ट्री तयार गर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

२०७८/०७/०८

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११.** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गत वर्ष आ.व. ०७७।०७८ मा सम्झौतामई खाता समेत खोली सकेका सेवाग्राहीलाई रकम उपलब्ध भएसम्म विशेष अनुदान वा आन्तरिक श्रोतबाट कार्य सम्झौता प्रतिवेदन बमोजिम रकम भुक्तानी गर्ने र संघीय सशर्त बजेटबाट निकासा प्राप्त भएमा सो शिर्षकमा सोधभर्ना गर्ने ।

**निर्णय नं. १२.** राप्ती गाउँपालिका वडा नं. ५ मा निर्माण हुने १५ शैयाको अस्पताललाई बहुवर्षिय योजनाको रुपमा सञ्चालन हुने गरी सो को मु.अ.क. सहितको लागत अनुमान रु २३,९४,४१,९४६।११ (तेईस करोड चौरानब्बे लाख एक्चालिस हजार नौ सय छयालिस रुपैया एघार पैसा) , राप्ती गाउँपालिकाको वडा नं. ३ , ७ र ८ मा पर्ने मिलन चौकीदेखि वसन्तपुर सडकको चक्रपथ सडकलाई बहुवर्षिय योजनाको रुपमा सञ्चालन गर्ने गरी मु.अ.क. सहित लागत अनुमान रु ८०२६५३०८।६६ (आठ करोड दुई लाख पैसठ्ठी हजार तीन सय आठ रुपैया छयसठ्ठी पैसा) , आदर्श नमुना मा वि को भवन भाग-२ को मु.अ.क. सहित को लागत अनुमान ३२५३९५५।१९ (बत्तिस लाख त्रिपन्न हजार नौ सय पचपन्न रुपैया उन्नाईस पैसा) , श्री वि.पि. आधारभुत स्विकृत विद्यालय निर्माण मु.अ.क. सहित लागत अनुमान ४४,९३,८५४।२४ (चौवालिस त्रिनब्बे हजार आठ सय चौवन्न रुपैया र चौविस पैसा) र ज्ञानोदय मा वि. को भवनको फिनिसिङ कार्यको मु.अ.क. सहित लागत अनुमान २४,१०,०४१।०५ (चौविस लाख दश हजार एक्चालिस ) स्विकृत गरी प्रचलित कानुन बमोजिम ठेक्का प्रकृयामा लैजाने ।

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कार्यपालिकाको निर्णय प्रमाणित गर्दछु।
०७८/०६/०७

निर्णय न.१३- प्रदेश राजधानी व्यवस्थापन र प्रस्तावित ५० शैयाको भालुवाङ अस्पतालको लागि तपशिल बमोजिमको जग्गा सिफारिस गरी पठाउने ।

प्रदेश राजधानी व्यवस्थापनका लागि

१. राप्ती गापा वडा नं.१ भित्र पर्ने पाल्ताङपानी स्थित पुर्व पश्चिम महेन्द्र राजमार्ग देखि उत्तर, पुर्व शिद्धेश्वरी शिव मन्दिर , पश्चिम तर्फ नव प्रतिभा आधारभुत विद्यालय जाने बाटो उत्तर तर्फ चितुवा खोला ताल र दक्षिण कुखुरे खोल्सा भित्रको चार किल्ला भित्र रहेको अन्दाजी २-०-०(दुई विघा) जग्गा छोडी बाँकी ५-०-० (पाँच विघा) प्रति ऐलानी जग्गा ।

२. राप्ती गापा वडा नं. ३ को सिरिचौरमा रहेको ऐलानी प्रति सार्वजनिक करिव १५ विघाहा जग्गा ।

३. वडा नं. २ मा सशस्त्र प्रहरी बाहेकको खाली रहेको ६-७-७, २-१२-२ र ६-२-८ को रुख बुट्यान नभएको बन क्षेत्रको जग्गा ।

४. वडा नं.४ स्थित देविकोट जाने बाटोको पुर्व पश्चिम, कुकुरे खोलाको पुर्व शान्ती सामुदायिक वनको पश्चिम र चक्रपथ बाटोको उत्तर तर्फ पर्ने २४ विघाहा जग्गा, बगरखोला परिसरको १५ विघाहा र मझनिगढ चौरको अन्दाजी १० विघाहा रुख बुट्यान नभएको बन क्षेत्रको जग्गा ।

५. वडा नं. ७ को राप्ती पुल देखि माथि पुर्वमा बल्नताप्पु, पश्चिममा राप्ती पुल ,उत्तर मझमेरियर कुलो क्षेत्रको चार किल्लाको २११ विघा प्रति ऐलानी

६. भालुवाङ बसपार्कको लागि निर्माणाधिन बसपार्कको उत्तरतर्फ वन बुट्यान नभएका बन क्षेत्रका १० कठ्ठा जग्गा ।

प्रस्तावित ५० शैयाको अस्पतालको लागि

१. राप्ती बन क्षेत्रको खण्ड "घ" को बन क्षेत्रबाट भालुवाङ नगर विकास समितिको बाउन्ड्री परियाना पर्ने खड्गेश्वरी मन्दिर परिसर क्षेत्रको पुर्वमा : गुनेपानी खोल्सा, पश्चिममा : ठालो खोल्सा (भुङझुङे खोल्सा ), उत्तरमा : चुरे पहाडको फेदी र दक्षिणमा : ... खोल्सा (पुरानो सडक) को चार किल्ला भित्रको जम्मा ४ विघाहा प्रति ऐलानी जग्गा ।

ओमराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत